# ILF-Nepal

## दी इन्टरनेसनल लगिल फाउन्डेसन

### मुद्दा सम्बन्धी टिपोट- अप्रिल- जुन २०११

*<u>सम्पादकको टिप्पणी :</u> यस संस्करणमा स्वेछाचारी पकाउ र तलासी विरुद्ध संवैधानिक र कानूनी प्रत्याभूति कार्यान्वयन गर्दा आई. एल. एफ- नेपालले भोगेका कठिनाइहरुमा छलफल गरिने छ । केही फौज्दारी मुद्दामा गरीब व्यक्तिलाई गुणस्तरीय सेवा प्रदान गर्दा परेको चाँडो प्रभाव जस्ता सकारात्मक विषयमा पनि यस संस्करणमा छलफल गरिने छ । आई. एल. एफ- नेपाल खुशीका साथ कञ्चनपुर र हेटौडामा आई. एल. एफ- नेपालको कार्यालय खोलेको धोषणा गर्दछ ।*

***

अन्य धेरै common law भएका राष्ट्र झैं नेपालमा पनि प्रहरीको स्वेछाचारी काम कारवाहीलाई नियन्त्रित गर्न सबै नागरिकलाई गोपनियताको अधिकार प्रत्याभुत गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ (२) र २८(१) ले प्रत्येक नागरिकलाई गोपनियता र व्यक्तिगत स्वतन्त्रताको अधिकार प्रत्याभुत गरेको छ। ICCPR को धारा ९ र १७ मा पनि यी अधिकारहरु सम्मिलित छन् ।

सरकारी मुद्दा सम्बन्धि ऐन २०४९ को दफा १० (१) को निचोड़ अनुसार प्रहरीले कुनै पनि व्यक्तिलाई अपराध गरेको भनि "विश्वास गर्ने मनासिब आधार" नभएमा निज व्यक्तिलाई रोक्न वा पकाऊ गर्ने छैन । लागू औषध (नियन्त्रण) ऐन २०३३ को दफा ८ मा पनि एउटै भाषा प्रयोग भई एउटा व्यक्तिको तलासी लिन वा पकाउ गर्न कानून कार्यान्वयन गर्नेको अधिकारलाई सिमित गरिदिएको छ। अर्को शब्दमा भन्नु पर्दा प्रहरीले एउटा व्यक्तिले गैरकानूनी कार्य भइराखेको भनी विश्वास गर्ने मनासिब कारणको प्रमाण फेला नपरेसम्म निज व्यक्तिको तलासी लिन वा पकाउ गर्न मिल्दैन । गैरकानूनी कार्य भइराखेको भनी विश्वास गर्ने मनासिब कारणको अभावमा गरिएको तलासी वा पकाउ गैरकानूनी हो र संविधानको उल्लंघन गरी प्राप्त गरिएको प्रमाण ग्रहणयोग्य हुँदैन । नेपालमा फौज्दारी सुनवाईमा गैरकानूनी तरिकाबाट प्राप्त गरिएको प्रमाणलाई निषेध गर्ने नियम नभएतापनि सर्वोच्च अदालतले सल्लाह लिन पाउने अधिकारको हनन गर्दै प्राप्त गरेको साबिती ग्रहणयोग्य प्रमाण हुँदैन भनी प्रष्ट पारि दिएको छ ( *नेत्र बहादुर कार्की विरुद्ध श्री ५ को सरकार ने.का.प. २०६३, अंक ६, नि नं. ७५५५, पृ ७४२)* र कानूनको उल्लंघन गर्दै प्राप्त गरिएको प्रमाणको आधारमा कुनै पनि व्यक्ति कसुरदार ठहराईने छैन (*नेपाल सरकार विरुद्ध जनक त्रिपाठी, ने.का.प. २०६३, पृ २६९ )* ।

दुर्भाग्यवश, नेपाल कानूनमा "मानासिब आधार" परिभाषित भएको छैन । परिणाम स्वरुप प्रहरीले सधैं गरिआएका तलासीको सफाईमा "संकास्पद" अवस्थामा देखिएकाले भनी दाबी लिने गर्दछन । तलासी वा पकाउको औचित्य सिद्ध गर्नका लागी साधारण व्यवहार जस्तै ब्याग समाई रहेको, सडकमा उभ्भीरहेको कारण देखाईने गरिन्छ तथापी त्यस्ता व्यवहारले संकास्पदको संज्ञा कसरी पायो भनी व्याख्या गरिएको हुँदैन । तथापी

**Address: Uma Bhawan, Surya Marg No. 19, Babarmahal, Kathmandu, Nepal**
**Telephone: +977 (0) 1 422 3545 Email: ILFNepal@wlink.com.np Website: www.TheILF.org**

काठमाण्डौका अदालतबाट प्रहरी कर्मचारीसंग तलासी वा पकाउको कारण स्पष्ट संग खुलाउन पर्ने अवश्यक्ता व्यक्त गर्ने गरिएको छैन । परिणाम स्वरुप आई. एल. एफ- नेपालका दुई वटा मुद्दामा भए झैं ( *नेपाल सरकार विरुद्ध दला देवी चमार - आई. एल. एफ- नेपाल/जनकपुर ८५, अधिवक्ता अचुतम आचार्य र अजय शंकर झा, नेपाल सरकार विरुद्ध सरोज पुरवे आई. एल. एफ- नेपाल/जनकपुर २४, अधिवक्ता अचुतम आचार्य र अजय शंकर झा)* ,एउटा व्यक्तिको गोपनियताको अधिकारमा गरिएको कुठाराघातको औचित्य सिद्ध गर्नका लागी तलासीको फल स्वरुप प्राप्त परिणामलाई देखाईने गरिएको छ । यी दुवै मुद्दामा आई. एल. एफ- नेपालले आधारहीन तलासीबाट प्राप्त गरिएको प्रमाणलाई बाहेक गरिनु पर्ने भनी निवेदन दर्ता गरायो । तर त्यो माँग खारिज गरियो ।

अदालतले यस्ता अधिकार तथा सो अधिकारका उलंघन तर्फ धेरै समझ नभएको देखाएका छन । तर आई. एल. एफ- नेपालले दर्ता गरेका निवेदनको प्रतिउत्तर दिँदै केही अदालतले सही दिशा तर्फ हिँडी प्रहरीलाई उचित प्रकृया अवलम्बन गर्न निर्देशन गरेका छन (*नेपाल सरकार विरुद्ध हरी ओम श्रेष्ठ ( आई. एल. एफ- नेपाल ४६०) ( अधिवक्ता राकेश शर्मा)* ।

**नेपाल सरकार विरुद्ध प्रकाश के सी ( आई. एल. एफ- नेपाल/ हेटौडा ) ( अधिवक्ता कमल घिसिङ तथा चंचला कैनी )**

प्रकाश के सी समेत निजका साथीले केही डाईजापाम ट्याब्लेट तथा कृत्रिम लागू औषध आफ्नो साथमा राखेकोमा पकाउ परे । प्रहरीले बरामदी मुचूलकामा अस्पष्ट संग "दुवै व्यक्ति संकास्पद अवस्थामा फेला पारी तलासी लिँदा निजहरुको खल्तीबाट ट्याब्लेट बरामद गरियो" भनी लेख्यो । म्याद थपको बेला आई. एल. एफ- नेपालले अन्तरिम संविधान र अन्य कानून समेतको अन्तर्गत पक्षको स्वतंत्रताको अधिकार तथा गोपनियताको अधिकारको हनन गर्दै तथा सरकारी मुद्दा सम्बन्धि ऐन र लागू औषध नियन्त्रण ऐनले तोकेको प्रकृया प्रतिकुल गरिएको खानतलासी तथा बरामदीबाट प्राप्त गरिएको प्रमाणलाई (जस्तै कृतिम लागू औषध) बातिल गरिनु पर्दछ भनी माँग राख्दै निवेदन दर्ता गरे । न्यायाधीस ज्यूबाट मौखिक बहस गर्न लगाइए तापनि अन्त्यमा अभियोग दर्ता नभए सम्म निर्णय गर्न राजी भएनन् ।

***

*आई. एल. एफ- नेपालले भरखरै एउटा शाखा हेटौडा र एउटा शाखा कञ्चनपुरमा खोलेको छ र दुवै स्थानमा प्रगती गरिसकेको छ ।*

**नेपाल सरकार विरुद्द जंग बहादुर पुन मगर ( आई. एल. एफ- नेपाल/ कञ्चनपुर ) ( अधिवक्ता देवराज पन्त तथा पुजा भण्डारी )**

जंगबहादुर पुन मगर २०६७/०६/०३ गते केही सार्वजनिक अपराध नियन्त्रण ऐन अन्तर्गतको अपराधको अभियोगमा पकाउ परे र अभियोग दर्ता हुनु पुर्व १३ दिन थुनामा रहे । निजले धरौटी तिर्न नसकेकाले थुनामा पठाइयो । आई. एल. एफ- नेपालले उनीलाई २०६८/२/२३ गते भेट्दा निजको मुद्दामा कुनै सुनवाई भएको थिएन र मुद्दामा केही पनि काम कारवाही भएको थिएन । केही सार्वजनिक अपराध नियन्त्रण

ऐन अन्तर्गत मुद्दा फैसला गरिसक्नु पर्ने म्याद (३ महिना) नाघिसक्यो भनी जिकिर राख्दै तुरुन्त बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरियो । पुनरावेदन अदालतले निवेदन खारेज गरेतापनि प्रमुख जिल्ला अधिकारीलाई विलम्ब नगरी मुद्दाको टुङ्गो लागाउन आदेश दिइयो  र २०६८/३/२१ गते पक्षलाई कसुर ठहर गर्दै निज थुनामा बसेको अवधि ( ८ महिना, २० दिन ) बरावरको जरिवाना गरी मुद्दा फैसला गरियो र पक्ष रिहा भए ।

**नेपाल सरकार विरुद्द रमेश पाण्डे ( आई. एल. एफ- नेपाल/ कञ्चनपुर ) ( अधिवक्ता देवराज पन्त तथा पुजा भण्डारी )**

माथी उल्लेख भएको मुद्दामा जस्तै, पाण्डे २०६७/१०/२० गते केही सार्वजनिक अपराधको अभियोगमा पकाउ परे र धरौटी तिर्न नसकेकोले थुनामा गए । आई. एल. एफ/कञ्चनपुरले उनीलाई पहिलो पटक २०६८/२/२३ गते भेटे । यस मुद्दामा पनि कुनै सुनवाई भएको थिएन । केही सार्वजनिक अपराध नियन्त्रण ऐन अन्तर्गत मुद्दा  टुङगो लागाउने म्याद नागी सक्यो भनी जिकिर राख्दै बन्दीप्रन्यक्षीकरणको रिट दर्ता गरियो । तर माथी उल्लेखीत मुद्दा विपरित पुनरावेदन अदालत कंचनपुरका न्याय निरुपण गर्ने द्ववै न्यायाधीसको राय बाभिन आयो र परिणाम स्वरुप यो निवेदन पुनरावेदन अदालतका मूख्य न्यायाधीस समक्ष पेश भयो । आई. एल. एफले उठाएको शीघ्र सुनवाईको अधिकारको हनन भएकोमा सहमती जनाउँदै, पक्षलाई रिहा गर्ने आदेश जारी गरियो ।

**नेपाल सरकार विरुद्द बाबु नेपाली ( आई. एल. एफ- नेपाल/ कञ्चनपुर ) ( अधिवक्ता देवराज पन्त तथा पुजा भण्डारी )**

बाबु नेपाली केही सार्वजनिक अपराधमा पकाउ परे र १० दिन बिना अभियोग पत्र थुनामा रहे । आई. एल. एफ- नेपालका अधिवक्ताहरुले अभियोग पत्र दर्ता गर्ने हदम्याद ७ दिन गुज्री सकेको तथा अन्तिम म्याद थप मनासीब कारण बीना गरिएको विषय उठाउँदै शीघ्र बन्दी प्रतिक्षकरणको रिट दर्ता गरे । पुनरावेदन अदालतबाट Show Cause को आदेश जारी हुनासाथ प्रमुख जिल्ला अधिकारी समक्ष अभियोग दर्ता गरियो र प्र.जि.अ. बाट थुनछेक आदेश गरी धरौटी तोकि दिए । पक्षले धरौटी तिरेर थुनामुक्त भयो ।

***

*अझै पनि प्रमुख जिल्ला अधिकारी समक्ष प्राक्टिस (बहस) गर्दा छक्क पर्ने अनुभव हुन्छ , यद्दपि आई. एल. एफ- नेपालको दृढ़ता सफल सिद्ध भएको छ ।*

**नेपाल सरकार विरुद्द सिताराम यादव ( आई. एल. एफ- नेपाल/ जनकपुर ) ( अधिवक्ता अजय शंकर झा )**

यो मुद्दा २०६५ सालदेखी चलिरहेको छ । २०६५/६/५ गते सिताराम यादव देवानी मुद्दाको कारवाही तथा प्रगती सम्बन्धमा बुझेर अदालतबाट निस्किरहेका बेला उनलाई प्रहरीबाट रोकी पकाउ गरियो । निजलाई १० दिन सम्म थुनामा राखिसके पश्चात् केही सार्वजनिक अपराधको अभियोग लागेको भनी उल्लेख गरेको थुनवा पुर्जी दियो । पकाउ परेको ३ साता पश्चात अर्के मुद्दामा पकाउ परेका निजका ज्वाइँको स्वामित्वमा फेला पारेको ढेटोनेटरमा निज समेतले ढेटोनेटर राख्नमा षड्यन्त्र गरेको भनी अभियोग लगाई २०६५/६/२९ गते निज उपर औपचारिक रुपमा हात हतियार तथा खरखजाना ऐन अन्तर्गतको अभियोग पत्र पेश गरियो ।

आई. एल. एफ- नेपालले यी प्रतिवादीलाई पहिलो पटक २०६५ जेठमा भेटे र सो बेलासम्म निजको मुद्दामा केही काम कारवाही भएको थिएन । प्रमुख जिल्ला अधिकारी समक्ष चल्ने मुद्दा भएकाले निजको तर्फबाट कुनै कानून व्यवसायी पनि नियुक्त गरिएको थिएन । आई. एल. एफ- नेपालले निजको शिघ्र सुनवाई पाउने र कानून व्यवसायी द्वारा परामर्श लिन तथा पुर्पक्ष गर्न पाउने अधिकारको हनन भएकोमा शिघ्र बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गरियो । २०६५/४/१२ गते रिट खारिज भयो । २०६५ श्रावण-भदौमा निजलाई लगाएको अभियोग बमोजीम कसुर ठहर गर्दै ३ वर्ष कैद गरियो । फैसला उपर पुनरावेदन गरे पश्चात पुनरावेदन अदालतले सजाय घटाई २ वर्ष ६ महिना कायम गऱ्यो । सो फैसला बमोजिम निज रिहा हुने मिति २०६८/२/२३ गते थियो ।

२०६८/२/२३ गते आई. एल. एफ- नेपालले पक्षको रिहाई सुनिश्चित गर्न कारागार जाँदा निजलाई हिरासतमानै फेला पारे । निजलाई रिहा गरिए तापनि निजको मिति २०६५/६/५ को शुरुकै केही सार्वजनिक अपराधको मुद्दामा तुरुन्तै पुनः पकाउ गरियो । दुवै मुद्दा एकैसाथ हेरिनु पर्नेमा तथा मुलुकी ऐन दण्ड सजाय महलको ४१ नं. बमोजीम विचाराधीन/टुङगो नलागेका एक भन्दा बढ़ी मुद्दा एकै साथ हेर्नुपर्ने ताकि समग्रमा सजाय ठेक्दा बहाल कसुरमा सबै भन्दा ठूलो सजाय दिएको भन्दा बढ़ी सजाय काट्न नपर्ने आधारमा आई. एल. एफ- नेपालले तुरुन्तै बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गरयो ( *इमान बहादुर को हकमा अधिवक्ता दिनेश प्रसाद शर्मा विरुद्द प्रमुख जिल्ला अधिकारी काठमाण्डौ , रिट नं. ००२२ ( २०६४), सर्वोच्च अदालत कानून पत्रिका २०६५, अंक १, पृ. १२ )* । पुनरावेदन अदालतले सहमती जनाउँदै मिति २०६८/३/७ मा अदालतबाट पक्षलाई रिहा गर्ने आदेश जारी गरियो ।

***आई. एल. एफ- नेपाल अधिवक्ता सूर्य बहादुर पाण्डेलाई आई. एल. एफ- नेपाल/पश्चिम क्षेत्रको कार्यकारी निर्देशक तथा अधिवक्ता अजय शंकर झालाई आई. एल. एफ- नेपाल/पुर्वी क्षेत्रको कार्यकारी निर्देशक नियुक्त भएकोमा बधाई दिन्छ । आई. एल. एफ- नेपाल, आषाढमा संस्थामा आबद्ध भएका अधिवक्ता अब्दुल अज़ीज़ आलमलाई स्वागत गर्दछ र उहाँ जनकपुर कार्यालयमा रही काम गर्नु हुनेछ ।***

नताली रे, एक्जक्युटिभ डाईरेक्टर

आई. एल. एफ - नेपाल

२०६८/४/१३